# जातिय समानताको प्रवर्द्धनको लागि
# विद्यमान तथा योजनावद्ध उपायहरु

हङकङ साइबरपोर्ट (Cyberport) म्यानेज्मेन्ट कम्पनि लिमिटेड
**(Hong Kong Cyberport Management Company Limited)**

साइबरपोर्ट (Cyberport) **1,600** स्टार्ट-अपहरु तथा प्राविधिक कम्पनिहरु सहितको एक नवीन विद्युतिय समाज हो । यो हङकङ साइबरपोर्ट (Cyberport) म्यानेज्मेन्ट कम्पनि लिमिटेड जुन हङकङ एसएआर (SAR) सरकारको पूर्ण स्वामित्वमा रहेको छ, द्वारा परिचालित छ । हङकङका लागि नयाँ आर्थिक परिचालक शिर्जना गर्दै विद्युतिय प्रविधिका लागि केन्द्रस्थल हुने दृष्टिका साथ प्रतिभाको विकास गर्दै, युवाहरू बीचको उद्यमशीलतालाई प्रवर्धन गर्दै, स्टार्ट-अपहरुको विकास यात्रामा टेवा पूर्‍याउँदै, स्थानीय र अन्तर्राष्ट्रिय साझेदारहरूसँग रणनीतिक सहकार्य प्रवर्धन गरेर उद्योगको विकासलाई प्रोत्साहित गर्दै, र सार्वजनिक र निजी क्षेत्रहरूमा विद्युतिय रूपान्तरणको गति बढाइ नयाँ र परम्परागत अर्थव्यवस्था एकीकृत गर्दै, साइबरपोर्ट (Cyberport), एक जिवन्त प्राविधिक पारितन्त्रको प्रतिपालन गर्न प्रतिबद्ध छ ।

सम्बन्धित सेवाहरु

- विद्युतिय प्रविधिका प्रतिभाहरुको प्रतिपालन गर्न कार्यक्रम, प्रशिक्षण तथा क्रम-विकासका कार्यक्रमहरुको आयोजना गर्ने
- कोष प्रदान गर्दै र सह-कार्य गर्ने स्थान र बजारमा पहुँच लगायतका अन्य सहायताहरु स्टार्ट-अपहरु और उद्यमीहरूलाई प्रदान गर्ने
- उद्यम र उद्योगहरुको विकासका विद्युतिय रूपान्तरणलाई बढावा दिन कार्यक्रम र गतिविधिहरूको आयोजना गर्ने

विद्यमान उपायहरु

- साइबरपोर्ट (Cyberport) को कर्पोरेट जानकारी र कार्यक्रमहरू यसको आधिकारिक वेबसाइटमा द्विभाषीक (अंग्रेजी र चिनियाँ) रुपमा सर्वसाधारणको लागि प्रकाशित

गरिएका छन् ।

- साइबरपोर्ट (Cyberport)को सोधपुछ र उजूरी सम्हाल्ने सेवाहरु लिखित र बोलीचालीका चिनियाँ र अंग्रेजी दुबै भाषामा उपलब्ध छन् ।

- साइबरपोर्ट (Cyberport)को कार्यक्रमहरू र घटनाहरू जहाँ सम्म उपयुक्त हुन्छ, अंग्रेजी र / वा चिनियाँमा वितरित हुन्छन् ।

- समान अवसरहरू र गैरकानूनी कार्यहरूको लागि कानुनी दायित्व सम्बन्धि अध्यादेशहरूको बुझाइलाई सुदृढ पार्न सबै कर्मचारीहरूको लागि समान अवसर आयोगसँग नियमित तालिमहरुको आयोजन गरिएको छ।

- सबै कर्मचारीहरुका लागि समान रोजगारीको अवसरहरका सर्तहरु "आचार संहिता तथा व्यवसायका आचारनीति" मा समावेश गरिएको छ ।

भविष्यका कार्यहरुको मूल्याङ्कन

- साइबरपोर्ट (Cyberport)ले समय-समयमा आफ्नो सेवाहरूको समीक्षा गर्दछ र आफ्ना स्टाफ र जनताका सदस्यहरूको प्रतिक्रिया / सुझावहरूको सम्बन्धमा आवश्यकतानुसार सुधार गर्नेछ ।

अपनाइएको वा अपनाउनु पर्ने अतिरिक्त उपायहरु

- समान अवसर आयोग र अन्य सान्दर्भिक संस्थाहरू सहितको सहकार्यमा कर्मचारीको तालिमलाई उचितानुसार सुदृढ गरिनेछ।

जातिय समानताको प्रवर्द्धनको लागि विद्यमान तथा योजनावद्ध उपायहरु सम्बन्धि सोधपुछका लागि, कृपया निम्न माध्यमहरुद्वारा साइबरपोर्ट (Cyberport)मा सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | 3166 3800 |
| फ्याक्स नम्बर | : | 3166 3118 |
| ईमेल | : | enquiry@cyberport.hk |
| हुलाक ठेगाना | : | Level 6, Cyberport 2, 100 Cyberport Road, Hong Kong |

हङकङ साइबरपोर्ट म्यानेज्मेन्ट कम्पनि लिमिटेड
जनवरी **2021**

**(Hong Kong Cyberport Management Company Limited)**
**(January 2021)**